जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १६९ • २०८३ साल मंसिर ६ गते आइतबार (22 November, Sunday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

दोस्रो कार्यकालका लागि यादव मुख्यमन्त्री

आइतवार सपथग्रहण, साझा सरकार बनाउने सीएमको तयारी

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशको मुख्यमन्त्रीमा जनता समाजवादी पार्टी(जसपा) नेपाल मधेश प्रदेश संसदीय दलका नेता सरोज कुमार यादव नियुक्त भएका छन् । प्रदेश प्रमुखको कार्यालयले शनिबार जारी गरेको विज्ञप्तिमा मधेश प्रदेशको मुख्यमन्त्रीमा जसपा नेपाल दलका नेता यादव (बारा)लाई मुख्यमन्त्रीमा नियुक्त गरेको उल्लेख गरिएको हो ।

नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले गत कार्तिक २९ गते प्रदेश सभामा विश्वासको मत प्राप्त गर्ने सम्भावना नदेखेपछि राजीनामा दिएका थिए । उनको राजीनामा स्वीकृत गर्दै प्रदेश प्रमुख डा.सुरेन्द्र कर्ण लाभले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने २ वा २ भन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्तिका लागि दाबी पेस गर्न आव्हान गरेका थिए । मंसिर ४ गते दिउँसो ४ बजे सम्म उनले दलहरुलाई सरकार बनाउन समय सीमा तोकेको थियो । तर निर्धारित समय भित्र कुनै दलले १६८ को उपधारा(२) बमोजिम सरकार बनाउने दावी पेश गर्न सकेनन् ।

प्रदेश प्रमुखले निर्धारण गरेको समयभित्र कुनै पनि दलले मुख्यमन्त्रीमा दाबी पेश नगरेपछि प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा (३) बमोजिम जसपा नेपाल दलका नेता यादवलाई मुख्यमन्त्री नियुक्त गरेका हुन् । प्रदेश सभाको सबैभन्दा ठूलो दल रहेको हैसियतले संविधानको धारा १६८ को उपधारा(३)बमोजिम सरकार बनाउन दावी गरेका थिए ।

उपधारा २ अनुसार सरकार बनाउन निर्धारित समय भित्र कुनै पनि दलले दाबी पेश गर्न नसके पनि नेपाली कांग्रेस दलका नेता कृष्ण प्रसाद यादव, एमाले दलका नेता सरोज कुमार यादव र नेपाल कम्युनिष्ट पार्टी(नेकपा) दलका नेता युवराज भट्टराईले उपधारा २ अनुसार नै सरकार बनाउन थप समय माग गरेका थिए । तर प्रदेश प्रमुखले बिभिन्न विज्ञहरुसित छलफलपछि उपधारा ३ अनुसार मुख्यमन्त्रीमा यादवलाई नियुक्त गरेका हुन् ।



मुख्यमन्त्री यादवले आइतबार बिहान ११ बजे सपथग्रहण गर्ने भएका छन् । उनले आफ्नो नेतृत्वको सरकारलाई साझा स्वरुप दिने बताएका छन् ।

नवनियुक्त मुख्यमन्त्री यादव प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो मुख्यमन्त्री बनेका थिए । २०७९ साल पुस २९ गते मुख्यमन्त्री बनेका यादवले २०८१ साल जेठ २३ गते सम्म कार्यकाल चलाएका थिए । पहिलो कार्यकालमा उनी सफलतापूर्वक चार पटक विश्वासको मत लिएका थिए । तर पाँचौ पटक उनी ४ सदस्य कम भएपछि पदमुक्त भएका थिए ।

मधेश प्रदेशमा दुई पटक मुख्यमन्त्री बन्ने उनी एकमात्र प्रदेश सभा सदस्य हुन् । जसपा नेपालले प्रदेशमा तेस्रो पटक मुख्यमन्त्री बनाएको छ ।

मुख्यमन्त्री यादव बारा जिल्लाको संसदीय निर्वाचन क्षेत्र नम्बर १ को 'ख'बाट निर्वाचित भएका हुन् । उनी २०७४ सालको प्रदेश सभा निर्वाचनमा तत्कालिन राष्ट्रिय जनता पार्टी(राजपा) को टिकटबाट प्रदेश सभामा जितेका थिए । मधेश प्रदेशको उनी पहिलो पाँच वर्षे कार्यकाल सफलतापूर्वक पूरा गरे । प्रदेशको नामाकारण मधेश प्रदेश र जनकपुरधाम राजधानी घोषणा गराउन उनको निर्णायक भूमिका रहेको थियो ।

उनी मुख्यमन्त्रीबाट हटेपछि ४ जना मुख्यमन्त्री फेरिएका छन् । प्रदेश सभाको दोस्रो कार्यकालमा उनी तेस्रो पटक मुख्यमन्त्री बनेका हुन् ।

साझा सरकार बन्छ : जसपा नेपाल

टुडे समाचारदाता

जनकपुरधाम । जनता समाजवादी पार्टी(जसपा) नेपालले संविधानको धारा १६८ को उपधारा '३' अनुसार प्रदेश सभामा सबैभन्दा ठूलो दलको हैसियतमा बनाएको सरकारलाई साझा स्वरुप दिने तयारी थालेको छ ।

जसपा नेपालका प्रवक्ता समेत रहेका प्रदेशका पूर्व मन्त्री मनिष सुमनले सरकारमा सबै दलको सहभागिता गराउने तयारी भइरहेको बताएका छन् । 'दुई वा दुई भन्दा बढी दल मिलेर सरकार बनाउने स्थिति उत्पन्न नभएपछि जसपा नेपालले सरकार बनाउने अवसर मिलेको छ' उनले भने, त्यसकारण सरकारमा सबै दललाई सहभागी गराएर अगाडि बढिनेछ ।

अर्को वर्ष प्रदेशसभाको कार्यावधि नै समाप्त हुने भएकाले सबै दललाई सरकारमा सहभागी गराउन लागिएको उनले बताए । 'मधेश प्रदेशमा ४ वर्षमै छैठौ पटक मुख्यमन्त्री नियुक्त हुनुभएको छ' उनले भने, अब त्यो अवस्था आउने छैन ।

उनी मुख्यमन्त्रीबाट हटेपछि ४ जना मुख्यमन्त्री फेरिएका छन् । प्रदेश सभाको दोस्रो कार्यकालमा उनी छैठौं मुख्यमन्त्रीको रुपमा नियुक्त भएका छन् ।

२०२८ माघ १० गते बाराको सिम्रौनगढ नगरपालिका-३ मा जन्मेका मुख्यमन्त्री यादवका पिता परमानन्द प्रसाद यादव मधेशको अधिकारका लागि लामो समय लडेका थिए । तत्कालीन सद्भावना पार्टीका अध्यक्ष गजेन्द्र नारायण सिंहको नेतृत्वमा मधेश अधिकारका लागि सक्रिय थिए ।

तत्कालीन हरिहरपुर गाविसको अध्यक्षमा २०५४ सालमा उनी पहिलो पटक निर्वाचित भएका थिए । बारा १ बाट २०६६ सालमा उनी संविधान सभासदस्यमा निर्वाचित भएका थिए । तत्कालीन एमाले नेतृत्वको सरकारमा उनी उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री रहेका थिए ।

२०६८ सालमा डा.बाबुराम भटटराई नेतृत्वको सरकारमा उनी स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री बनेका थिए । उनले पनि राजनीतिको सुरुवात सद्भावना पार्टीबाट नै गरेका थिए ।

सीताराम विवाहपञ्चमीको तयारीका लागि सर्वपक्षीय बैठक

टुडे समाचारदाता

जनकपुरधाम । त्रेतायुगमा भगवान् श्रीराम र माता सीताबीच भएको पवित्र विवाहको स्मरणमा प्रत्येक वर्ष जनकपुरधाममा आयोजना हुँदै आएको सप्ताहव्यापी सीताराम विवाह पञ्चमी महोत्सवको तयारी तीव्र पारिएको छ । आगामी मङ्सिर २३ गतेदेखि २९ गतेसम्म आयोजना हुने यस वर्षको विवाह पञ्चमी महोत्सवलाई भव्य, सभ्य, व्यवस्थित र सुरक्षित रूपमा सम्पन्न गर्ने उद्देश्यले जानकी मन्दिरले आवश्यक तयारी अघि बढाएको छ ।

सो महोत्सवको तयारी तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन जानकी मन्दिर परिसरमा पटक-पटक सर्वदलीय तथा सर्वपक्षीय बैठक आयोजना गरिएको छ । बैठकले महोत्सवलाई व्यवस्थित रूपमा सम्पन्न गर्न विभिन्न उपसमिति गठन गर्नुका साथै सम्बन्धित निकायलाई जिम्मेवारी बाँडफाँट गरेको छ ।

जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवको अगुवाइ तथा उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवको संयोजनमा बिहीबार सम्पन्न बैठकमा स्थानीय नागरिक समाजका अगुवा, राजनीतिक दलका प्रतिनिधि, धार्मिक संघसंस्था, व्यवसायी, साधुसन्त, स्थानीय प्रशासन तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सो बैठकमा महोत्सवका क्रममा आवश्यक पर्ने शान्ति सुरक्षा, सरसफाइ, प्रचारप्रसार, बजार व्यवस्थापन, रंगभूमि मैदान तथा प्रवेशद्वार व्यवस्थापन, पण्डाल निर्माण, ट्राफिक व्यवस्थापन, खानेपानी र विद्युत् आपूर्तिलगायतका विषयमा छलफल गरिएको थियो। सोही छलफलका आधारमा विभिन्न समितिमा गठन गरी जिम्मेवारीसमेत तोकिएको छ ।



यस वर्षको महोत्सवमा विगतका वर्षभन्दा बढी श्रद्धालु भक्तजन तथा साधुसन्तको सहभागिता हुने अपेक्षा गरिएको छ । नेपालका विभिन्न जिल्ला तथा भारतको अयोध्यासहितका स्थानबाट हजारौं साधुसन्त र श्रद्धालु जनकपुरधाम आउने भएकाले उनीहरूको स्वागत, आवास, भोजन, सुरक्षा तथा आवागमनलाई सहज बनाउने विषयलाई विशेष प्राथमिकता दिइएको छ ।

त्यस्तै सोही अनुसार जानकी मन्दि रमा शनिबार भएको सर्वपक्षीय बैठकमा उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले महोत्सवलाई सभ्य, भव्य र धुमधामका साथ सम्पन्न गर्न सबै पक्षसँग समन्वय गरेर तयारी अघि बढाइएको बताए । उनले बदलिँदो परिस्थितिअनुसार महोत्सवको व्यवस्थापनलाई नयाँ ढंगले अघि बढाउन सरकारसमक्ष प्रस्ताव पेस गर्ने तयारी भइरहेको जानकारी दिए । साथै विवाह पञ्चमी महोत्सवको व्यवस्थापन र आवश्यक पूर्वाधारका लागि संघीय सरकारसँग समेत पहल गरिने उनको भनाइ छ ।

उनले स्थानीय प्रशासन, सुरक्षा निकाय, प्रदेश तथा स्थानीय सरकार र अन्य सरोकारवाला निकायबीच प्रभावकारी समन्वय र सहकार्य हुनुपर्नेमा जोड दिए ।

त्यस्तै बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का बोर्ड सदस्य अजितकुमार मिश्रले विवाह पञ्चमी महोत्सवलाई सफल बनाउन परिषद्ले यस वर्ष पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । उनले जनकपुरधामको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वलाई अन्तर राष्ट्रियस्तरमा स्थापित गर्न महोत्सवसँग सम्बन्धित परम्परा र गतिविधिको डिजिटल अभिलेखीकरण तथा प्रचारप्रसार आवश्यक रहेको उल्लेख गरे। यसका लागि विभिन्न योजना बनाएर अघि बढ्ने उनको भनाइ थियो ।

जनकपुरधामउपमहानगरपालिकाका मेयर मनोजकुमार साहले महोत्सवको व्यवस्थापनका लागि स्थानीय तहसँगै प्रदेश र संघीय सरकारले पनि विशेष चासो दिनुपर्ने बताए । उनले विवाह पञ्चमी जनकपुरधामको मात्र नभइ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्व बोकेको धार्मिक उत्सव भएकाले यसको व्यवस्थापनमा तीनै तहका सरकारको सहयोग आवश्यक रहेको धारणा राखे । तर जनकपुरधाम उपमहानगरपालिकाका मेयर साहले भने विवाहपञ्चमी महोत्सवमा के गर्ने भन्ने बारे बोलेनन् ।

सात दिनसम्म विभिन्न धार्मिक विधि

विवाह पञ्चमी महोत्सवअन्तर्गत सात दिनसम्म विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिनेछ । महन्त रामतपेश्वर दास वैष्णवले जनाए अनुसार महोत्सवको पहिलो दिन नगर दर्शन, दोस्रो दिन फूलबारी लीला, तेस्रो दिन धनुष यज्ञ, चौथो दिन तिलकोत्सव, पाँचौं दिन मटकोर तथा छैटौं दिन सीताराम स्वयम्बर र विवाह कार्यक्रम हुनेछ ।


त्यसैगरी, महोत्सवको अन्तिम अर्थात् सातौं दिन रामकलेवा कार्यक्रम गरी अयोध्याबाट आएका जन्तीलाई विधिपूर्वक बिदाइ गरिनेछ । यससँगै सप्ताहव्यापी विवाह पञ्चमी महोत्सव औपचारिक रूपमा सम्पन्न हुनेछ ।

सीताराम विवाह पञ्चमी महोत्सव जनकपुरधामको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पहिचानसँग जोडिएको महत् वपूर्ण उत्सव हो । यस महोत्सवले नेपाल र भारतबीचको धार्मिक, सांस्कृतिक तथा सामाजिक सम्बन्धलाई थप प्रगाढ बनाउँदै आएको छ । त्यसैले महोत्सवलाई व्यवस्थित रूपमा सम्पन्न गर्न सरसफाइ, सुरक्षा, यातायात, आवास तथा अन्य आधारभूत सुविधाको उचित प्रबन्ध गर्नुपर्ने आवश्यकता रहेको युवा अभियन्ता सुशील कर्णले सो बैठकमा जोड दिए। उनले विवाहपञ्चमीको क्रममा जनकपुरधाममा सात दिनसम्म मेला नै लाग्ने गरेकाले सो मेलालाई व्यवस्थित बनाउनका लागि र मेलाको क्रममा सडकपेटिकालाई अतिक्रमणमूक्तका लागि नगर प्रहरी र ट्राफिक प्रहरीको भूमिका महत्वपूर्ण हुने भएकाले सशक्त रुपमा आफ्नो भूमिका निर्वाह गर्न आग्रह गरे ।

यस वर्षको महोत्सवलाई विगतभन्दा थप व्यवस्थित, आकर्षक र अन्तर्राष्ट्रियस्तरमा परिचित गराउने लक्ष्यसहित तयारी अघि बढाइएको उत्तराधिकारी महन्त दासले बताए ।



जनकपुर टुडे



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

शान्ति प्रक्रियाका बाँकी काम अविलम्ब पूरा गर्न प्रचण्डको आग्रह

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले विस्तृत शान्ति सम्झौताका बाँकी कामहरू अविलम्ब पूरा गर्न सरकार, राजनीतिक दल र सरोकारवाला पक्षलाई आग्रह गर्नुभएको छ ।

विस्तृत शान्ति सम्झौता भएको दिन (मङ्सिर ५) को अवसरमा आज एक सन्देश जारी गर्दै उहाँले सङ्क्रमणकालीन न्यायको प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनु आजको राष्ट्रिय आवश्यकता भएको बताउनुभएको हो । २०६३ मङ्सिर ५ गते तत्कालीन नेपाल सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र विद्रोही नेकपा (माओवादी)का तर्फबाट अध्यक्षका रूपमा आफूले शान्ति सम्झौतामा हस्ताक्षर गरेको स्मरण गर्दै संयोजक दाहालले उक्त सम्झौता नेपाली जनताको त्याग, बलिदान र सङ्घर्षबाट निर्मित राष्ट्रिय सहमतिको दस्तावेज भएको उल्लेख गर्नुभएको छ । उहाँले भन्नुभएको छ, "विस्तृत शान्ति सम्झौताकै जगमा संविधानसभाको निर्वाचन, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, समावेशी लोकतन्त्र र संविधान निर्माण जस्ता ऐतिहासिक उपलब्धि हासिल भए । तर, सम्झौताका सबै प्रतिबद्धता अझै पूर्ण रूपमा कार्यान्वयन हुन सकेका छैनन् ।"



विशेषगरी द्वन्द्वपीडितलाई न्याय, सत्य निरुपण तथा मेलमिलाप, बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर्ने कार्य र सङ्क्रमणकालीन न्यायका बाँकी काम पूरा गर्ने दायित्व अझै बाँकी उहाँको भनाइ छ । शान्ति सम्झौताको मर्म द्वन्द्वको अन्त्य मात्र नभई पीडितलाई न्याय, समाजमा मेलमिलाप र सुशासनसहितको समृद्ध राष्ट्र निर्माण गर्नु रहेको उहाँले स्पष्ट पार्नुभएको छ ।

संयोजक प्रचण्डले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन आहुति दिने सहिद तथा बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दै शान्ति प्रक्रियामा योगदान पुऱ्याउने राजनीतिक दल, नागरिक समाज, सुरक्षाकर्मी र आम नागरिकप्रति आभार प्रकट गर्नुभएको छ ।

उहाँले शान्ति सम्झौता राष्ट्रिय प्रतिबद्धता भएकाले यसको पूर्ण कार्यान्वयन गर्नु सबैको साझा जिम्मेवारी भएको सन्देशमा उल्लेख गर्नुभएको छ । रासस

सम्पादकीय

भारत भ्रमण ऐतिहासिक बन्नुपर्छ

प्रधानमन्त्री बालेन्द्र साह(बालेन) भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणामा आइतबार भारतको दुई दिवसीय राजकीय भ्रमणमा जादैछन् । प्रधानमन्त्री बालेनले हालसम्म संयुक्त राष्ट्रको महासभामा सहभागी हुनु बाहेक देश बाहिर गएका छैनन् । उनी पहिलो पटक विदेश भ्रमण गर्ने क्रममा छिमेकी राष्ट्र भारतलाई चयन गरेका छन् । उनलाई चीनले पनि भ्रमणको निम्तो दिएको छ । तर बालेनको पहिलो भ्रमण भारत हुन लागेको छ । नेपाल र भारतबीचको समय त्रेता युगकालीन रहेको रामायणमा नै वर्णित छ । राजनीतिक कारणले कयौं पटक दुई देशबीचको सम्बन्धमा तिक्तता देखिएको छ । तर नेपाल र भारतबीचको सम्बन्ध अत्यन्त प्रगाढ रहेको छ । प्रधानमन्त्री बालेनको भ्रमणले अझ सशक्त र प्रभावकारी बनाउने निश्चित छ । प्रधानमन्त्रीले भारतीय सहयोगका कयौं योजनाहरुको प्रधानमन्त्री नरेन्द्र मोदीसित मिलेर संयुक्त रुपमा प्रारम्भ गर्ने कार्यक्रम छ । त्यसमध्ये जनकपुरधाम-अयोध्याधाम रेल्वे सेवाको शुभारम्भ रहेको छ । नेपालमा हाल भारतको जयनगरदेखि जनकपुरधामसम्म मात्र रेल सेवा सञ्चालन भइरहेको छ । अयोध्यासम्म रेल सञ्जालमा जनकपुरधाम जोडिएपछि पर्यटनको क्षेत्रमा मात्र नभइ व्यवसायिक, स्वास्थ्य, शिक्षाका लागि भारत जाने यात्रुहरुलाई सहज हुनेछ । हाल भारतको बिभिन्न सहरहरुमा जान जयनगर, पटना ,मुजफरपुर, सीतामढी जानुपर्ने बाध्यता हटने छ । मोटरबाट रेलवे स्टेशन जानु भन्दा रेल चढेर नै जाने सुविधा हुनेछ । तर हाल हप्तामा एकदिन मात्र रेल चल्ने भएकोले त्यो सुविधा हुने छैन । रेल सेवाले जनकपुरधाम क्षेत्रको पर्यटन प्रबर्द्धनमा ठूलो मद्दत मिल्नेछ । अयोध्या भएर भारतका विभिन्न राज्यबाट पर्यटकहरु जनकपुरधाम आउने छन् । रेल सेवाले आर्थिक गतिविधि पनि निकै बढ्ने छ । भारत सरकारले हिन्दू पर्यटकलाई रामायण सर्किट बनाएर जोड्ने योजना अन्तिम चरणमा पुगेको छ । रामायण सर्किटमा जनकपुरधाम र धनुषाधाम समेत समावेश गरिएको छ । अयोध्याधामको दर्शन मात्रले सीतारामको दर्शन पूर्ण नहुने मान्यता छ । प्रधानमन्त्री बालेन्द्र साहको भारत भ्रमणले नेपाल र भारतबीच कयौं योजनाहरुको सहमति गर्ने छ । नेपालमा भारतीय उद्योगपतिहरुलाई लगानीको पर्याप्त सम्भावना रहेको प्रधानमन्त्रीले ठोस जानकारी गराउने छ । भारतीय लगानीकर्ताहरुले नेपालमा दिने विभिन्न प्रकारका सुविधाहरुको विषयमा समेत जानकारी गराइनेछ । पहिलो भ्रमण भारत गर्ने बालेन पहिलो प्रधानमन्त्री होइनन् । तर विगतका प्रधानमन्त्रीहरुले गरेका सहमति, सम्झौताहरुको भन्दा बिल्कुल फरक बालेको भ्रमण हुनुपर्छ । उनको भ्रमण ऐतिहासिक बन्नु पर्छ । नेपालका लागि भारत छिमेकी र सहयोगी राष्ट्र हो । भारतसित नेपालको भाषा, भेषभुषा, भूगोल, रहनसहन, धर्म, संस्कार मिल्ने गरेको छ । नेपाल र भारतबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन भ्रमण ऐतिहासिक बन्नु पर्छ ।

स्तन क्यान्सर समयमै पहिचान भए उपचार प्रभावकारी



काठमाण्डु । स्तन क्यान्सरको समयमै पहिचान र उपचार गर्न सके निको हुने सम्भावना बढ्ने भएकाले यसबारे जनचेतना अभिवृद्धि गर्न आवश्यक रहेको विज्ञहरूले बताएका छन् ।

महिलामा देखिने प्रमुख क्यान्सरमध्ये स्तन क्यान्सर पनि एक हो । अन्तरराष्ट्रिय क्यान्सर अनुसन्धान संस्था (आईएआरसी) को ग्लोबोक्यान २०२४ प्रतिवेदनअनुसार सन् २०२४ मा विश्वभर दुई लाख ४३ हजार ४०८ होइन, २४ लाख ३४ हजार ८७ जनामा नयाँ स्तन क्यान्सर देखिएको अनुमान छ । सोही वर्ष यसका कारण छ लाख ९३ हजार ६६० जनाको मृत्यु भएको अनुमान गरिएको छ ।

प्रतिवेदनअनुसार नेपालमा सन् २०२४ मा एक हजार ७४६ जनामा नयाँ स्तन क्यान्सर देखिएको र ७५० जनाको मृत्यु भएको अनुमान छ ।

क्यान्सर रोग विशेषज्ञ डा अरुण शाहीले स्तनमा गाँठो आउनु, घाउ देखिनु, मुन्टोबाट रगत वा अन्य तरल पदार्थ निस्कनु तथा छालामा सुन्तलाको बोक्राजस्तो परिवर्तन देखिनुलाई बेवास्ता गर्न नहुने बताउनुभयो । यस्ता लक्षण देखिएमा घरेलु उपचारमा मात्र निर्भर नभई स्वास्थ्य संस्थामा गएर परीक्षण गराउनुपर्ने उहाँको सुझाव छ ।

महिलाले आफ्नो स्तनको सामान्य आकार र बनावटबारे जानकारी राख्नुपर्छ । कुनै असामान्य परिवर्तन देखिएमा समयमै परीक्षण गराउनुपर्छ ।

स्वयं स्तन परीक्षण स्तनमा देखिने असामान्य परिवर्तन पहिचान गर्ने सहज विधि भएको डा शाहीले बताउनुभयो । उहाँका अनुसार १९ वर्ष उमेर पुगेपछि महिलाले महिनावारी भएको सातदेखि १० दिनभित्र नियमित रूपमा आफ्नो स्तन परीक्षण गर्नुपर्छ । महिनावारी बन्द भएका तथा गर्भवती महिलाले पनि नियमित रूपमा स्तनको आकार, स्वरूप र बनावटमा आएको परिवर्तनबारे सचेत रहनुपर्छ ।

स्तन क्यान्सर पहिचानका लागि चिकित्सकीय स्तन परीक्षण, अल्ट्रासाउन्ड, म्यामोग्राफी तथा आवश्यकताअनुसार बायोप्सी गरिन्छ । स्तन क्यान्सर महिला र पुरुष दुवैलाई हुन सक्छ । जीवनशैलीमा आएको परिवर्तन, मोटोपना, मद्यपान तथा धूमपान, शारीरिक निष्क्रियता र अस्वस्थ खानपान यसका सम्भावित जोखिम कारक हुन् । स्तनपान नगराउनुलाई पनि जोखिमसँग जोडिएको छ ।

स्तन क्यान्सर प्रारम्भिक अवस्थामा पहिचान भए उपचार प्रभावकारी हुने भएकाले लक्षण देखिएमा ढिलाइ नगरी स्वास्थ्य परीक्षण गराउनुपर्ने डा शाहीले बताउनुभयो ।

स्तन क्यान्सरका सम्भावित लक्षणमा स्तन वा काखीमुनि नदुख्ने गाँठो आउनु, स्तनको आकार परिवर्तन हुनु, मुन्टो भित्र धसिनु, मुन्टोबाट पीप, रगत वा पानीजस्तो तरल पदार्थ निस्कनु, स्तन दुख्नु वा सुन्निनु तथा छालामा निको नहुने घाउ आउनु र सुन्तलाको बोक्राजस्तो देखिनु रहेका छन् ।

स्तन क्यान्सरको जोखिम घटाउन धूमपान तथा मद्यपान नगर्ने, नियमित व्यायाम गर्ने, तौल सन्तुलित राख्ने, पोषणयुक्त खाना खाने र स्तनको नियमित परीक्षण गर्ने गर्नुपर्छ । रासस

राजस्व कार्यालय सिमराको कर सप्ताह सम्पन्न

टुडे समाचारदाता

रौतहट । आन्तरिक राजस्व कार्यालय सिमराले १५औं राष्ट्रिय कर दिवस तथा कर सप्ताह, २०८३ अन्तर्गत सप्ताहव्यापी कार्यक्रम सञ्चालन गरिरहेको छ । मंसिर १ गतेदेखि सुरु भएको कर सप्ताहको समापन मंसिर ७ गते कार्यालय परिसरमा विशेष कार्यक्रम गरी गरिने भएको छ ।

"कर न्याय र सुशासनको सुनिश्चितताः समृद्धिमा नागरिक सहभागिता" भन्ने मूल नाराका साथ सुरु भएको कर सप्ताहमा करदाता शिक्षा, जनचेतना, अन्तरक्रिया तथा विभिन्न रचनात्मक कार्यक्रम सञ्चालन भइरहेका छन् ।

कर सप्ताहको शुभारम्भ सिमरास्थित कार्यालय परिसरबाट निकालिएको प्रभातफेरीमार्फत गरिएको थियो । प्रभातफेरी नेपाल टेलिकमको कार्यालय हुँदै पुनः आन्तरिक राजस्व कार्यालय सिमरामा पुगेर सम्पन्न भएको थियो ।



कार्यक्रममा निजी क्षेत्र, उद्योग वाणिज्य संघका प्रतिनिधि तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कर सप्ताहको पहिलो दिन कार्यालयबाट सेवा लिने पहिलो करदाता रौतहटका अरुण कुमार यादवलाई सम्मान गरिएको थियो ।

प्रमुख कर अधिकृत विकास कुमार रजकका अनुसार कर सप्ताहअन्तर्गत मंसिर २ गते रौतहट उद्योग वाणिज्य संघको सहजीकरणमा गौरस्थित घरेलु तथा साना उद्योग कार्यालयको सभाहलमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो ।

त्यस्तै, मंसिर ३ गते जितपुर बजार क्षेत्रमा जितपुर सिमरा उद्योग वाणिज्य संघको सहजीकरणमा प्रभातफेरी, करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । सोही दिन नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, जितपुरका विद्यार्थीहरूलाई करसम्बन्धी कक्षा पनि सञ्चालन गरिएको थियो ।

मंसिर ४ गते जितपुर सिमरा निजी विद्यालय संगठनको सहजीकरणमा होटल सिमरा इनमा उपमहानगरपालिकाभित्रका प्रधानाध्यापक तथा शिक्षकहरूका लागि करदाता शिक्षा र अन्तरक्रिया कार्यक्रम गरिएको थियो ।

यसै दिन कार्यालय परिसरमा कक्षा ९ र १० का विद्यार्थीहरूबीच कर न्याय र सुशासनको विषयमा वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो । बारा र रौतहट जिल्लाका १७ जना विद्यार्थी सहभागी प्रतियोगितामा चन्द्र ज्योति इङ्गलिश आवासीय विद्यालय, चन्द्रपुरकी अर्चना कोइराला प्रथम भएकी थिइन् ।

यस्तै, ब्राइटर एकेडेमी, जितपुर सिमरा-२ की सौरभी थपलिया दोस्रो र होली गार्डेन इङ्गलिश स्कुल, पथलैयाका आशुतोष खतिवडा तेस्रो भएका थिए । कर सप्ताहकै अवसरमा मंसिर ५ र ६ गते बारा तथा रौतहटका विभिन्न क्षेत्रमा करसम्बन्धी जानकारी प्रवाह गर्न घुम्ती 'ट्यावस क्लिनिक' कार्यक्रम सञ्चालन गरिने प्रमुख कर अधिकृत रजकले जानकारी दिएका छन् ।

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. बलवा शाखाको ३५ दिने सूचना

तपशिलमा उल्लेखित यस बैंकका कर्जा ग्राहकले विभिन्न मितिमा लिएको कर्जाको सावा, ब्याज लगायतका बैंकलाई तिर्नु बुझाउनु पर्ने रकम समयमा नबुझाएको, बैंक सँग कर्जा लिँदाका बखतमा तोकिएकाशर्त बन्देजहरुको पालना नगरी बैंकसँगको सम्झौता उल्लङ्घन गरेको, बैंकले बारम्बार मौखिक तथा लिखित तर ताकेतागर्दा समेत बैंकको कर्जा नबुझाएको, बैंकले कर्जा बुझाउने बारेको २१ दिने सूचना प्रकाशन गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै पहल नगरेको/कर्जा नबुझाएको कारणबाट निम्न उल्लेखित ग्राहकहरुलाई बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ को उपदफा (११) तथा नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन, २०८० को ई.प्रा. १२/०८० कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्थाको बुँदा ९ को उपबुँदा (१) खण्ड(क) र खण्ड (ज)बमोजिम ऋणी, फर्म र सोको प्रोप्राइटरलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने बारे ३५ दिने सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

तपसिल

१) **कर्जा ग्राहकको नाम : श्री आशा हार्डवेयर (Cs.ID. १३००३५३)**

ऋणीको नाम	ठेगाना	दर्ता न र मिति	दर्ता भएको कार्यालय	पान न. र मिति	लगानीमा रहिरहेको रकम	बँकी व्याज २०८३ असोज ३१ गते सम्मको
आशा हार्डवेयर	बलवा ०६	४६७७/५५/०७५/०७६ २०७५/०४/१६	वाणिज्य विभाग	६०८१७१७०० २०७५/०४/२३	१८०००००।०	२९४७७४।३७
संचालक / प्रोपाइटर						
नामथर	ठेगाना	ना.प्र.नं./मिति	जिल्ला	पति/बाबुको नाम		ससुरा/बाजेको नाम
आशादेवी झा	बलवा ०६	३९२३५२८२/ २०५२।०३।११	महोतरी	जय कुमार झा		रामअषिश झा

२) **कर्जा ग्राहकको नाम :श्री आयुष किराना एण्ड कस्मेटिक पसल (Cs.ID. १७११७९८)**

ऋणीको नाम	ठेगाना	दर्ता न र मिति	दर्ता भएको कार्यालय	पान न. र मिति	लगानीमा रहिरहेको रकम	बँकी व्याज २०८३ असोज ३१ गते सम्मको
आयुष किराना एण्ड कस्मेटिक पसल	रामगोपालपुर ०२	४३३२/१३७/०७४/०७५ २०७४/१०/२८	वाणिज्य विभाग	६०७७०९००७ २०७४/१२/२५	८०००००	९२९१७८३
संचालक / प्रोपाइटर						
नामथर	ठेगाना	ना.प्र.नं./मिति	जिल्ला	पति/बाबुको नाम		ससुरा/बाजेको नाम
लालबाबु महतो	रामगोपालपुर ०२ बसविट्टी	०९६९२२२६ २०५२/००/१०	महोतरी	राम किशोर महतो		लक्ष्मीमहतो

३) **कर्जा ग्राहकको नाम :श्री आयुष हार्डवेयर सेन्टर (Cs.ID. १७१२३५९)**

ऋणीको नाम	ठेगाना	दर्ता न र मिति	दर्ता भएको कार्यालय	पान न. र मिति	लगानीमा रहिरहेको रकम	बँकी व्याज २०८३ असोज ३१ गते सम्मको
आयुष हार्डवेयर सेन्टर	मनरा सिसवा ०३ सोनौल	४१४९/८३/०७४/०७५ २०७४/०८/०५	वाणिज्य विभाग	६०७१९६६३४ २०७४/०८/०६	९५००००	१२३०६०
संचालक / प्रोपाइटर						
नामथर	ठेगाना	ना.प्र.नं./मिति	जिल्ला	पति/बाबुको नाम		ससुरा/बाजेको नाम
सिता प्रसाद भगत	सोनौल ४	९००११५५० २०४८/०६/१६	महोतरी	चन्देश्वर भगत		जगदीप भगत

४) **कर्जा ग्राहकको नाम :श्री यस्नेहा वस्त्रालय (Cs.ID. १७१७८९०)**

ऋणीको नाम	ठेगाना	दर्ता न र मिति	दर्ता भएको कार्यालय	पान न. र मिति	लगानीमा रहिरहेको रकम	बँकी व्याज २०८३ असोज ३१ गते सम्मको
यस्नेहा वस्त्रालय	बलवा ०३	४१७७/१११/०७४/०७५ २०७४/०८/१४	वाणिज्य विभाग	६०७२९३९६६ २०७४/०९/०९	४०००००	३१७४१८।८१
संचालक / प्रोपाइटर						
नामथर	ठेगाना	ना.प्र.नं./मिति	जिल्ला	पति/बाबुको नाम		ससुरा/बाजेको नाम
लालबाबु यादव	पडौल ४ हाल बलवा ०३	६०८४३५२७ २०५७/१२/२१	महोतरी	फेकन यादव		गेना यादव

५) **कर्जा ग्राहकको नाम :श्री रामचन्द्र ठाकुर (Cs.ID. ९५६२७३)**

ऋणीको नाम	ठेगाना	ना.प्र.नं./मिति	जिल्ला	बाबुको नाम	बाजेको नाम	लगानीमा रहिरहेको रकम	बँकी व्याज २०८३ असोज ३१ गते सम्मको
शिव शंकर यादव	गैढा भेटपुर ०५ हाल सम्सी गा.पा. ०४	३०६९२४५९ २०५२/०८/२७	महोत्तरी	चन्देश्वर प्रसाद यादव	राम चलित्र यादव	९०००००	१६२१९८।०९

६) **कर्जा ग्राहकको नाम :श्री नन्द किशोर सिंह (Cs.ID. १८३६०५६)**

ऋणीको नाम	ठेगाना	ना.प्र.नं./मिति	जिल्ला	बाबुको नाम	बाजेको नाम	लगानीमा रहिरहेको रकम	बँकी व्याज २०८३ असोज ३१ गते सम्मको
नन्द किशोर सिंह	ईटहरवा कट्टी ०२ हाल-मनरा सिसवा ०२	६००७००९९ २०३८/०७/१८	महोतरी	अम्बिका सिंह	चन्द्र देव सिंह	९०००००	३१९९६०।७५

७) **कर्जा ग्राहकको नाम :श्री ज्ञान कुमार झा (Cs.ID. १६३११०३)**

ऋणीको नाम	ठेगाना	ना.प्र.नं./मिति	जिल्ला	बाबुको नाम	बाजेको नाम	लगानीमा रहिरहेको रकम	बँकी व्याज २०८३ असोज ३१ गते सम्मको
ज्ञान कुमार झा	बलवा ३ हाल -बलवा ६	०७४५२९६६ २०४५/०२/०७	महोतरी	राम अशिष झा	सतदेव झा	५०००००	२५७६०१।८३

८) **कर्जा ग्राहकको नाम :श्री विनोद कोल्ड एण्ड जेनरल स्टोर (Cs.ID. १९८४०८३)**

ऋणीको नाम	ठेगाना	दर्ता न र मिति	दर्ता भएको कार्यालय	पान न. र मिति	लगानीमा रहिरहेको रकम	बँकी व्याज २०८३ असोज ३१ गते सम्मको
विनोद कोल्ड एण्ड जेनरल स्टोर	बलवा ०२	७४७०/१०५१/०७७/०७८ २०७७/१२/०८	वाणिज्य विभाग	६१५५८७८८४ २०७७/१२/०९	३०००००	९२९१७८३
संचालक / प्रोपाइटर						
नामथर	ठेगाना	ना.प्र.नं./मिति	जिल्ला	पति/बाबुको नाम		ससुरा/बाजेको नाम
बिनोद साह सोनार	बलवा ०२	०४७२५६०१ २०६१/०३/०७	महोतरी	राम चन्द्र साह सोनार		महावीर साह

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, जनकपुर

मिथिलामा 'लबान' को लहर



महोत्तरी । चन्द्रमासको कार्तिक शुक्ल द्वादशी तिथिसँगै मधेसको मिथिला क्षेत्रमा 'लबान' पर्व सुरु भएको छ ।

नयाँ अन्न घर प्रयोग र यज्ञयज्ञादि शुभकार्यमा पवित्र बनाइने विधिका रुपमा यो पर्व मिथिलाका घरघरै मनाउने चलन छ । नयाँ धानबाली दाइँ गरेपछि मनाइने यो पर्व हरिबोधिनी एकदशी व्रतको सांगतासँगै मिथिलामा 'लबान'का रुपमा मनाउने गरिएको छ ।

सामान्यतया नयाँ धान थन्क्याएपछि मङ्सिरभरि अनुकूलताअनुसार मनाउने गरिएकामा पछिल्ला केही दशकयता भने मङ्सिरमा पाक्ने रैथाने जातका धान लगाउन छाडिएपछि हरिबोधनीको व्रत साङ्गतासँगै जोडेर यो पर्व मनाउन थालिएको हो । पछिल्ला वर्षमा कात्तिकमै पाक्ने उन्नत जातका धान लगाउने प्रचलन बढ्दै गएको छ ।

"होम र यज्ञका लागि कार्तिक शुक्ल द्वादशी सर्वोत्तम तिथि मानिन्छ, अचेल नयाँ जातका धान यसबेलाअघि नै तयार गरीसकिएको हुन्छ", भङ्गाहा-५ सिद्धपुरका बासिन्दा मैथिली लोकपरम्पराका जानकार ६५ वर्षीय रामनारायण झा भन्नुहुन्छ, "त्यसैले धेरैजसोले यसै दिन 'लबान' को होमयज्ञ आयोजना गर्न लागेका हुन् ।"

झाका अनुसार, संस्कृतमा 'नवान्न' (नयाँ अन्न) को होम गरेर प्रयोगमा ल्याइने पुरानो वैदिक परम्परा नै पछि मैथिली बोलीचालीमा 'लबान' भएको हो ।

अन्नबालीमा धान मुख्य मानिने पहिलेदेखिकै मान्यताले यावत् अन्नलाई संस्कृतमा एकमुष्ट भनिदा 'धान्यादि' भनिएको पाइन्छ । यसै मान्यताले धानको विधिपूर्वक होमयज्ञ गरेपछि वर्षभरिका सबै अन्न घर प्रयोग र विभिन्न यज्ञयज्ञादि शुभकार्यमा चलाइन सकिने धार्मिक मान्यतासमेत यो पर्व परम्परा सुरु भएको मैथिल क्षेत्रका पाकाहरु बताउँछन् । "धान होम गरेपछि वर्षभरि सबै अन्नको प्रयोग खुल्छ", एकडाराको भटौलियाका बासिन्दा संस्कृतिविद् ७० वर्षीय विजयलाल कर्ण भन्नुहुन्छ ।

> यस पर्वमा नयाँ धान कुटेर परिवारका सबै सदस्यले चिउरा, दूध र गुँड (सरख्खर) पवित्र यज्ञको अग्नीमा होम गरी भगवान विष्णुलाई अर्पित गरेपछि शेषान्न (उब्रेको) प्रसादस्वरुप खाने चलन छ ।

यस पर्वमा नयाँ धान कुटेर परिवारका सबै सदस्यले चिउरा, दूध र गुँड (सख्खर) पवित्र यज्ञको अग्नीमा होम गरी भगवान विष्णुलाई अर्पित गरेपछि शेषान्न (उब्रेको) प्रसादस्वरुप खाने चलन छ । त्यो विधिसँगै पुरोहितलाई भोजन गराएर दक्षिणासहित नयाँ अन्नको सिधा दान गरिँदै आएको छ । उक्त विधिपछि सबै अन्न वर्षभरि चलन गर्न सकिने मान्यता छ । उक्त विधिमा ग्रामदेवताको पूजा गरिने चलनसमेत छ । 'लबान' यज्ञका लागि बनेका सबै परिकार देवतालाई चढाएपछि नयाँ अन्नको प्रयोग खुल्ने मैथिल परम्परा रहेको कर्णले स्पष्ट पार्नुभयो ।

उक्त विधिलाई पहाडी परम्पराका 'न्वागी खाने' भन्ने परम्परा छ । महोत्तरी जिल्लाको सुदुर उत्तरी क्षेत्रमा घरघरैजसो नवान्न अर्थात् (हिउँदे धान) को 'न्वागी' खाने विधि पनि धेरैजसोले आजै सम्पन्न गरेका छन् । मैथिल परम्परामा चिउरा मुख्य भोग लगाइने चलनजस्तै पहाडी परम्परामा भने नयाँ धानको चामल दही र सख्खरमा भिजाइएको परिकार खाइने परम्परा छ । यो परिकारलाई बोलीचालीमा 'भिजाएका चामल' पनि भनिन्छ ।

यस पर्वका अवसरमा घरघरका आँगनमा रहने तुलसीका मठ नजिकै नयाँ धानको चामलमा घिउ (घ्यू) र तिल मुछेर वैदिक मन्त्रोच्चारणसहित पुरोहितले होम गरेपछि नयाँ अन्न खानपिनमा वर्षभरि प्रयोग गर्न बाटो खुल्ने हिन्दू परम्पराका पर्वते समुदायको चलन छ । संस्कृतमा सबै अन्नलाई 'धान्यादि' भनिएर अन्नको राजा धानलाई मानिएको मैथिल विश्वासजस्तै पाहाडी चलनमा पनि धानको नयाँ फसल होम गरेर अग्नि देवतालाई चढाइएपछि सबै अन्न वर्षभरि खानपिनमा प्रयोग गर्न सकिने मान्यता छ ।

वैदिक शास्त्रमा नयाँ अन्न प्रचलनमा ल्याउनअघि होमादी नगरिए त्यस्तो अन्न शुभकार्य र पितृकार्यमा नचल्ने पुरानो मान्यता छ । सामान्यतया मैथिल परम्पराको 'लबान' वा पहाडी चलनको 'न्वागी खाने' कार्तिक शुक्ल द्वादशी प्रमुख रुपमा रहेपनि मार्ग (मङ्सिर) शुक्ल पञ्चमीसम्म न्वागीका लागि होमादी गर्न सकिने परम्परा रहेको कर्मकाण्डका ज्ञाता बर्दिबास-१ का बासिन्दा पण्डित भागवत् काफ्ले बताउनुहुन्छ । रासस

डिएलएको स्थापना दिवसमा दुई वरिष्ठ अधिवक्तासहित तीन जना सम्मानित

सप्तरी । नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसन (डिएलए)को ३७औं स्थापना दिवसका अवसरमा सप्तरीमा दुई वरिष्ठ अधिवक्तासहित तीन जना सम्मानित हुनुभएको छ ।

डिएलए सप्तरीले आज राजविराजमा आयोजना गरेको कार्यक्रममा पाँच दशकभन्दा बढी समयदेखि कानुन व्यवसायमा संलग्न रही न्याय क्षेत्रमा योगदान पुऱ्याउनुभएका वरिष्ठ अधिवक्ताद्वय हिम्मत सिंह र अमरबहादुर पाण्डे तथा दुई दशकदेखि कानुन व्यवसायमा सक्रिय राजविराज उच्च अदालत बार एसोसिएसनका अध्यक्ष हरेराम यादवलाई सम्मान गरेको हो ।



वरिष्ठ अधिवक्ताद्वय सिंह र पाण्डेलाई डिएलए सप्तरीका अध्यक्ष सुरेन्द्र यादव र राजविराज उच्च अदालत बार एसोसिएसनका अध्यक्ष यादवले संयुक्त रूपमा दोसल्ला ओढाएर सम्मान गर्नुभयो । त्यसैगरी, बार एसोसिएसनका अध्यक्ष यादवलाई वरिष्ठ अधिवक्ता सिंहले सम्मान गर्नुभयो ।

वरिष्ठ अधिवक्ता सिंहले सर्वसाधारणलाई निष्पक्ष न्यायको प्रत्याभूति दिलाउन तथा लोकतन्त्रको सुदृढीकरणमा डिएलएले स्थापनाकालदेखि नै महत् वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो ।

कार्यक्रम डिएलए सप्तरीका अध्यक्ष सुरेन्द्र यादवको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा वरिष्ठ अधिवक्ता अमरबहादुर पाण्डे, कृष्णानन्द देव, बोधकृष्ण भगत, नारायण झा, रामजी साह, डा. देवनारायण यादव, इन्द्रदेव सिंहलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

यसअघि डिएलए सप्तरीले स्थापना दिवसका अवसरमा राजविराजका विभिन्न भागको परिक्रमा गर्दै प्रभातफेरी आयोजना गरेको थियो । रासस

भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि शाखा कार्यालय शिवचौकको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

क्र.सं.	कर्जा ग्राहकको नाम (फर्म र प्रोप्राइटरको नाम/कम्पनी तथा संचालकहरुको नाम)	ठेगाना	बाजे/ससुराको नाम	ग्राहकको पिता/पतिको नाम	उद्देश्य	साँवा रकम रु.	नियेत २०८३।०८।०३ सम्मको ब्याज तथा अन्य रकम	जम्मा तिर्नुपर्ने रकम	धितो मन्जुरीनामा दिने/बन्धक मन्सिको नाम	कैफियत
१	किसानरेशु किराना पसल (प्रो.रामजादु यादव फर्म)	जनकपुर ८	द्वारिका यादव	बद्धुलाल यादव फर्म	व्यापार	१९८६४८१	९८२८६	२७८४७६७	रोजिता फर्म	
२	पवन कुमारी साह	भुलसी पटेर्वा ३	रामबृक्ष साह	भेल नारायण साह	ओद्योगी	४८८७७६	९६९१	४९८४६७		
३	सुधा ट्रेडर्स (प्रो.गोकेश साह)	जनकपुर ७	रामेश्वर साह	रामजादु साह	व्यापार	१२४१३३३४	२४८०७१	१२६६१४०५	राम जादु साह	
४	एस.पि.जनरल सप्लायर्स (सं.सुमित कुमार झा,प्रशान्त मिश्र)	जनकपुर २०,२	बलभद्र झा,गोपाल मिश्र	कृष्णकान्त झा,उमेश मिश्र	व्यापार	४४३९४७१	३८२१०४	४७९७८६	अशा कुमारी झा	
५	भुवनेश्वर मण्डल केवट	पर्सौनिया ओरो	बरण मण्डल	गिरत मण्डल	म.क्षु.कर्जा	१९०००००	९२९९४	१९९२९९४		
६	हरेश्वर कम्प्युटर्स (प्रो.राम हरेश्वर साह)	जनकपुर १२	अक्कु साह	भेचन साह	सेवा कर्जा	२००००००	१४६८०४	२१४६८०४	भैचन साह,शिवजी साह	
७	मनु झाला झा	जनकपुर ८	सुर्यकान्त झा	अमरकान्त झा	म.क्षु.कर्जा	१७०००००	४४४४७	१७४४४४७	कमलेश देवी	
८	अमित कुमार चौधरी	जनकपुर २३	सुर्यदेव चौधरी	देवेन्द्र चौधरी भुमिसार	कृषियन्त्र कर्जा	३०४०९१	९३९३	३१३४२४	देवेन्द्र चौधरी,अनिता देवी	
९	जानुका यादव	अमहुटि ८	नन्द यादव	ठाकेश्वर यादव	ओद्योगी	२००००००	२४४०४४	२२४४०४४		
१०	कोटपा समस्ते जनकपुर (ग्रा.प्रि.(सं.रमेश कुमार अधिकारी)	जनकपुर ८	सीताराम यादव	यादव यादव	प्रशिक्षण सेवा	९६९९८६२	२१०९९८	९९९०७८००	सविता कुमारी यादव	
११	सरोजा शिव गुरु किराना पसल (प्रो.मिना कर्माचार्य)	जनकपुर ४	प्रेम राम कर्माचार्य	सिद्धि नाथपुर कर्माचार्य	कृषियन्त्र कर्जा	११३०००	१४१४७	१२७१४७	रमेश कुमार कर्माचार्य	
१२	श्री जय गोविन्द गाई फर्म (प्रो.सविता देवी मण्डल)	जनकपुर १२	रामदुलार मण्डल	शुभनारायण मण्डल	पशुपंक्षी पालन	२६३८६१४	१०७४७३	२७४३०८८	शुभनारायण मण्डल,रोशन कुमार मण्डल	
१३	जनकपुर पशुपंक्षी तथा कृषि फर्म (प्रो.विभा देवी यादव)	ओरही १	झारी यादव	विशेश्वर प्रसाद यादव	पशुपंक्षी पालन	२६९४४००	६७६९१	२७६२९९१	विशेश्वर प्रसाद यादव	
१४	मनि फोल्ड स्टोर्स (प्रो.संजय कुमार यादव)	जनकपुर २३	छुरेश्वर यादव	गजमेश्वर यादव	व्यापार	२४०००००	९८२४९४	२६८२४९४	गजमेश्वर यादव	
१५	सन्जली कुमारी यादव	जनकपुर १४	बजरंग यादव	राधाकृष्ण यादव	मरायसी	९३९३९००	२०७२७२	१९६००३७२		
१६	मां लक्ष्मी गाजा भण्डार (प्रो. राम प्रताप साह)	जनकपुर ७	धोरीक साह	बिसनलाल साह	व्यापार	९०००००	३९९३२	९३९९३२	कमला देवी साह	
१७	कृषि मेशनरीज उद्योग (प्रो. जयप्रकाश साह)	जनकपुर १	किशोरी साह	रामबाबु साह	व्यापार	२७७७७६४	९८२९४	२१७६७०४९	राम बाबु साह	
१८	विष्णु देवी	कुवाकोटी ३	राम प्रसाद झा	बजरंग झा	ओद्योगी	१००००००	२७४९३	१०२७४.९३		
१९	रेणु कुमारी देवी	जनकपुर १२	अक्कु साह	शिवजी साह	ओद्योगी	१००००००	१०२४९९	१११२४९९		
२०	सीमान्त अटो पार्टस (प्रो.सरोज कुमारी)	धिरहा ४	भानुदेव साह	रामबिल साह	व्यापार	४९९७६३४	९८४६१९	५१८२४५.४	साह	
२१	श्री हरि सिलाई सेवा (प्रो.रंजना झा)	जनकपुर १०	विशेश्वर झा	बजरंग चौधरी	ओद्योगी	२८७८२३४	१४४३१६	३०२२४.५१	संजय कुमार झा,कंचन देवी,शिवानी झा	
२२	युवराज जनपार अर्डर सप्लायर्स (प्रो.राम हरेश्वर साह)	जनकपुर १२	अक्कु साह	भेचन साह	व्यापार	३००००००	३९९८७२	३३९९८७२		
२३	उपेन्द्र किराना पसल (प्रो.उपेन्द्र यादव)	नखुवा ३	शिवलखन यादव	भोटी यादव	व्यापार	१४९४००४	२४३४७१	१८३८४७६		
२४	दर्शित किराना पसल (प्रो.झम्प देवी यादव)	जनकपुर ४	किरट.पी यादव	राम सोगारथ यादव	व्यापार	२९८४६२२	२६२२६	३०१०८४८	राम सोगारथ यादव	
२५	शिवशंकर साह	पराशगुढी ३	मातबर साह	रजन कुमार साह	मरायसी	८०००००	३९९४१	८३९९४१	लिचा देवी	
२६	राजकिशोर यादव	सबैला ११	बालदेव यादव	किरट.पी यादव	मरायसी	१००००००	३४३४४	१०३४३४४		
२७	रामबाबु राय	जनकपुर ९	राम सरज राय	राम सेवक राय कुर्मि	मरायसी	१४०००००	४७६९२	१४४७६९२		
२८	कुमारी सरोज झा	गाराडांग ८	मारकण्डेय झा	गणेशाय झा	मरायसी	१००००००	३४३२०	१०३४३२०		
२९	विपक्ष कुमार साह	जनकपुर १०	छबाली साह	सुर्यनारायण साह	मरायसी	६०००००	१४७८९	६१४७८९	सजिव कुमार साह	
३०	भोला चौधरी	गोडैरवर ९	भिखि चौधरी	रामभजन चौधरी	म.क्षु.कर्जा	२००००००	९४६३०	२०९४६३०	कुमार माधव,मधु कुमार यादव	
					जम्मा	73601490	3492274	77093764		

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग,मु.का.काठमाण्डौं

भाखा नाघेको कर्जा बुझाउने बारे कृषि बिकास बैंक लि.शाखा कार्यालय कल्याणपुर, सप्तरीको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण कर्जा रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

क्र. सं.	कर्जा ग्राहकको नाम	मिसिल नं	ठेगाना	ग्राहकको पिता /पतिको नाम/प्रो.	ग्राहकको बाजे /ससुराको नाम	कर्जाको उदेश्य	स्वीकृत कर्जा	२०८३ असोज मसान्त. सम्मको बक्यौता साँवा र ब्याज	जम्मा तिर्नु पर्ने रकम	ग्राहक नं
			गा.पा/न.पा							
१	श्याम पण्डीत कुमाल	५७३४	सुरुङ्गा न.पा. १० पटेर्वा	फुलकित कुम्हाल	रामजी पण्डीत	सरल कृषि कर्जा	२००००००	८१०००	२,०८१,०००।०	८३७०४५
२	जिवछ मधुमान यादव	५८७८	सुरुङ्गा न.पा. १० पटेर्वा	बाबुजी मधुमान यादव	सन्ती मधुमान यादव	सरल कृषि कर्जा	१८०००००	२४०००	१,८२४,०००।०	१२७६५७६
३	श्याम मण्डल	६१४४	सुरुङ्गा न.पा. ५ कुसहा	फेकु मण्डल	बुधु मण्डल	घरायसी कर्जा	११५००००	६००००	१,२१०,०००।०	१३१३१४६
४	जे.एण्ड जेड कन्सट्रक्शन	५९०२	सुरुङ्गा न.पा. ७ हरिपुर	इस्लाम मियाँ	मियाजान मियाँ	शैक्षीक कर्जा	२०५००००	१७०००	२,०६७,०००।०	१३२९६६७
५	कीर्तीनन्द चौधरी	६०२१	सुरुङ्गा न.पा. २ हर्दिया	गडाई चौधरी	नन्दीलाल चौधरी	सरल कृषि कर्जा	१००००००	७००००	१,०७०,०००।०	१७४६२१२
६	रघुनन्दन चौधरी	६२१९	शम्भुनाथ न.पा. ११ अर्नाहा	रेशमलाल चौधरी	पुरन चौधरी	ब्यक्तीगत ओ.डी	१५०००००	७८०००	१,५७८,०००।०	३०५८७३०
७	पन्चान कुमारी चौधरी	६२७०	सुरुङ्गा न.पा. ५ कुसहा	लाली चौधरी	बुनु चौधरी	सरल कृषि कर्जा	१००००००	१८००००	१,१८०,०००।०	३०६५२७३
८	ए. आर चौधरी कृषि फर्म	६१९९	सुरुङ्गा न.पा. १ पिप्रा	लक्ष्मी नारायण चौधरी	रामलोचन चौधरी	पशुपंक्षी पालन कर्जा	४७०००००	२२९०००	४,९२९,०००।०	५३४३१९७
९	छोटनी देवी चौधरी	६२८९	सुरुङ्गा न.पा. ८ मल्हनमा	विरजु चौधरी	गूरदयाल चौधरी	सरल कृषि कर्जा	१००००००	७००००	१,०७०,०००।०	५३८५४७२
१०	सन्त कुमार यादव	६२९७	सुरुङ्गा न.पा. ९ बैरवना	किसुन यादव	बहादुर यादव	सरल कृषि कर्जा	१८०००००	७००००	१,८७०,०००।०	५३९८७०८
११	सकीना खातुन	६४७४	सुरुङ्गा न.पा. ११ औरहा	इद महम्द	मो. फरजान	सरल कृषि कर्जा	६०००००	२७०००	६२७,०००।०	५४९३६५१
१२	कृष्ण कुमारी यादव	६४६२	राजविराज न.पा. ९ मलेठ	धर्म नारायण यादव	जगदीश प्रसाद यादव	सरल कृषि कर्जा	८०००००	९००००	८९०,०००।०	५४९६१२४
१३	बाबा डिहवार मनी एक्सप्रेस	५६२१	शम्भुनाथ न.पा. ७ कठौना	गुदर चौधरी	खुशीलाल चौधरी	सेवा कर्जा	३००००००	३६२०००	३,३६२,०००।०	८३६५९५
१४	श्रीमती जालो कुजर्नी	५७६९	खडक न.पा. ३ बनरभुल्ला	मो. मुस्तकीम मियाँ	विलट मियाँ	सरल कृषि कर्जा	१००००००	१०९०००	१,१०९,०००।०	११४०७८५
१५	शिव गाई भैसी पालन फर्म	६१८१	सुरुङ्गा न.पा. ३ लक्ष्मीपुर	लक्ष्मी यादव	नेवीलाल यादव	सरल कृषि कर्जा	२००००००	६९०००	२,०६९,०००।०	५३२२५८६
१६	सिता जेनरल स्टोर	६४४३	सुरुङ्गा न.पा. ८ महुलीया	ओम प्रकाश चौधरी	सम्पैत चौधरी	ब्यपार कर्जा	१६०००००	८००००	१,६८०,०००।०	५४८७१६९
१७	राम नारायण साह	६४७९	सुरुङ्गा न.पा. २ कमलपुर	गुरदियाल साह	गोविन्द साह	सरल कृषि कर्जा	१००००००	३२०००	१,०३२,०००।०	५५००००७
१८	एक्सट्रा मोवाइल मर्मत केन्द्र	५९३५	सुरुङ्गा न.पा. २ कमलपुर	महन्थी चौधरी	भुली चौधरी	ब्यपार कर्जा	८९००००	७००००	९६०,०००।०	१५६९९९६
१९	जय माँ काली राइस मिल	५९९९	सुरुङ्गा न.पा. ३ करहरवा	कैलु यादव	सोभीत यादव	उधोग कर्जा	८०००००	९४०००	८९४,०००।०	१७३२४०९
२०	जय माता जी जेनरल स्टोर	५८०५	सुरुङ्गा न.पा. ३ लक्ष्मीपुर	मुखदेव झा	जगदेव झा	ब्यपार कर्जा	२९००००	१५०००	३०५,०००।०	१२०२९४२
२१	जयकाली गाई भैसी पालन फर्म	५८११	सुरुङ्गा न.पा. ३ लक्ष्मीपुर	कैलु यादव	सोभीत यादव	पशुपंक्षी पालन कर्जा	३४५००००	१५५०००	३,६०५,०००।०	१२०७५५७
२२	कवीता किराना एण्ड जेनरल पसल	६१२७	लहान न.पा. १० राधाकृष्ण चौक	रामविर चौधरी	भोरी चौधरी	ब्यपार कर्जा	१००००००	७००००	१,०७०,०००।०	१९९१२२५
२३	एस वि कृषि तथा पशुपंक्षी पालन फर्म	६०८०	सुरुङ्गा न.पा. ४ विरनगर	शोभाकान्त चौधरी	चुनीलाल चौधरी	पशुपंक्षी पालन कर्जा	१७०००००	१३५०००	१,८३५,०००।०	१९१७५८४
२४	सविर खरिद विक्री केन्दू	४७९४	सुरुङ्गा न.पा. ५ कुसहा	मो. इनसु	माला बकस	ब्यपार कर्जा	२२०००००	९३०००	२,२९३,०००।०	१८००६४६
२५	सुनील साह	६३४३	सुरुङ्गा न.पा. ५ कुसहा	जिवछ प्रसाद साह	ननुलाल साह	सरल कृषि कर्जा	२००००००	१३५०००	२,१३५,०००।०	५४०५३५४
						जम्मा	३६१३००००	२१८७०००	३८३१७०००	

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, जनकपुर

प्रधानमन्त्रीको भारत भ्रमणमा राष्ट्रिय हितलाई प्राथमिकता दिन कांग्रेसको आग्रह



ललितपुर । नेपाली कांग्रेसले प्रधानमन्त्री बालेन्द्र साहको मङ्सिर ६ गतेदेखि प्रारम्भ हुने भारत भ्रमण सफल र उपलब्धिमूलक बनाउन राष्ट्रिय हितलाई प्राथमिकता दिन आग्रह गरेको छ ।

प्रधानमन्त्रीको भारत भ्रमणका सन्दर्भमा पार्टीका वरिष्ठ उपसभापति विश्वप्रकाश शर्माले आज विज्ञप्ति जारी गर्दै दुई राष्ट्रबीचको सम्बन्धलाई थप प्रगाढ बनाउँदै नेपालको सर्वोत्तम राष्ट्रिय हितमा भ्रमण उपयोगी हुनुपर्ने बताउनुभएको छ ।

संघीय संसद्को प्रमुख प्रतिपक्ष दल कांग्रेसले भारतसँगको द्विपक्षीय सम्बन्ध र सहकार्यका सम्भावित विषयमा सरकारलाई रचनात्मक सुझाव दिने उद्देश्यले विषयविज्ञको सहभागितामा विशेष आन्तरिक विमर्श गरेको उल्लेख छ ।

जलवायु परिवर्तन, हवाई सम्पर्क, पर्यटन, व्यापार, ऊर्जा, खेलकुद, उद्यमशीलता, सीमा व्यवस्थापन, सीमावर्ती क्षेत्रका नागरिकका सरोकार तथा भारतमा कार्यरत नेपाली श्रमिकका समस्यालगायत विषयमा छलफल गरिएको कांग्रेसले जनाएको छ ।

नेपाल-भारत सम्बन्धलाई पारस्परिक सम्मान, सार्वभौमिक समानता र राष्ट्रिय हितका आधारमा सुदृढ बनाउन कांग्रेसले ऐतिहासिक भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै वक्तव्यमा दुई देशबीचको सम्बन्धका सम्भावना, अवसर र व्यावहारिक जटिलताबारे पार्टीसँग लामो संस्थागत अनुभव र स्पष्ट बुझाइ रहेको जनाइएको छ ।

प्रधानमन्त्री राष्ट्रको प्रतिनिधित्व गर्दै भारत भ्रमणमा जान लाग्नुभएको उल्लेख गर्दै कांग्रेसले राष्ट्रिय हितका विषयमा व्यापक परामर्श र साझा समझदारी निर्माण हुन सके अन्तरराष्ट्रिय मञ्चमा नेपालको अडान बलियो हुने जनाएको छ ।

नेपालको राष्ट्रिय हित र मित्रराष्ट्र भारतसँगको सम्बन्ध सुदृढ बनाउने विषयमा आफ्नो प्रतिबद्धता स्पष्ट र अटल रहेको कांग्रेसको भनाइ छ ।

कांग्रेसले विगतका प्रतिबद्धता कार्यान्वयन, विद्यमान समस्याको ठोस समाधान र पारस्परिक हितमा आधारित दीर्घकालीन सहकार्यको नयाँ आधार निर्माणमा भ्रमण केन्द्रित हुनुपर्नेमा जोड दिएको छ ।

वरिष्ठ उपसभापति शर्माले प्रधानमन्त्री साहको भ्रमणको पूर्ण सफलताको कामना गर्दै भ्रमणको सफलतासँग नेपालको सफलता जोडिएको उल्लेख गर्नुभएको छ । रासस

पिडीतलाई गालीगलैज गर्ने प्रहरीलाई कारवाही

टुडे समाचारदाता

रौतहट । पिडीतलाई गाली गलौज गर्ने प्रहरी अधिकारीमाथि कारवाही प्रक्रिया अघि बढाइएको छ । छोरा हराएको जानकारी गराउन फोन गरेका एक प्रहरी हवल्दारमाथि आफूलाई सई बताउँदै गालीगलौज गरेको अडियो सार्वजनिक भएपछि रौतहट प्रहरीले छानबिन तथा कारबाही प्रक्रिया अघि बढाएको हो ।

जिल्ला प्रहरी कार्यालय रौतहटको सञ्चार शाखामा कार्यरत प्रहरी हवल्दार बुधन महतोमाथि यस्तो आरोप लागेको हो । घटनाबारे मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामले गम्भीर ध्यानाकर्षण जनाउँदै सत्य तथ्य छानबिन गर्न निर्देशन दिएपछि जिल्ला प्रहरी कार्यालय रौतहटले अनुसन्धान सुरु गरेको छ ।

सन्तपुर बेसमा कार्यरत प्रहरी हवल्दार सुरेशप्रसाद यादव आफ्नो छोरा सम्पर्कविहीन भएपछि खोजी तथा उद्धारका लागि जिल्ला प्रहरी कार्यालय रौतहटको सञ्चार शाखामा फोन गरेका थिए । सोही क्रममा 'जय नेपाल' नभनेको भन्दै सञ्चार शाखामा कार्यरत महतोले आफूलाई सई बताउँदै यादवमाथि अपशब्द प्रयोग गरी गालीगलौज गरेको आरोप छ ।

फोन संवादको अडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि प्रहरी संगठनभित्रै घटना आलोचित बनेको छ । सार्वजनिक अडियोमा हवल्दार यादवले फोनमा 'को बोल्नुभयो सर, हवल्दार साहेब कि असई साहेब' भन्दै परिचय सोधेको सुनिन्छ । त्यसपछि आफूलाई सई बताउने महतोले बोल्ने शैलीप्रति



प्रश्न गर्दै झपारेको र आफ्नो दर्जा बताउन नमिल्ने आशयको जवाफ दिएको सुनिन्छ ।

महतोले सई भएको परिचय दिएपछि यादवले 'जय नेपाल' भनेको र छोरा हराएको विषयमा जानकारी गराउन खोज्दा महतोले गालीगलौज गरेको अडियोमा सुनिन्छ । छोरा सम्पर्कविहीन भएको संवेदनशील अवस्थामा खोजी तथा उद्धारका लागि फोन गरेका कर्मचारीमाथि नै दुर्व्यवहार भएको आरोप सार्वजनिक भएपछि घटनाले थप चर्चा पाएको छ ।

अडियो सार्वजनिक भएपछि नेपाल प्रहरी मधेस प्रदेश कार्यालय जनकपुरधामले घटनाप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै कारवाही प्रक्रिया अघि बढाइसकिएको बताएका छन् ।

प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) प्रभुप्रसाद ढकालद्वारा जारी विज्ञप्तिमा मङ्सिर ४ गते जिल्ला प्रहरी कार्यालय रौतहटको सञ्चार शाखामा कार्यरत प्रहरी कर्मचारी र डुमरिया सुरक्षा बेसमा कार्यरत प्रहरी कर्मचारीबिच भएको संवादमा सुनिएको भाषा, शब्द र शैलीप्रति गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त अडियो प्रकरणमा जोडिएका प्रहरी कर्मचारीलाई यस कार्यालयमा झिकाई सो सम्बन्धमा छानविन समिति समेत गठन गरी दोषी उपर प्रहरी नियमावली, २०७१ (संशोधन सहित) बमोजिम आवश्यक कारवाही गर्ने गरी प्रकृया अगाडी बढाई सकिएको विज्ञप्तिमा भनिएको छ ।

अडियोमा सुनिएको संवाद प्रहरी आचरण विपरीत रहेको भन्दै घटनाको वास्तविकता र कसको लापरबाही रहेको हो भन्ने विषयमा सत्य तथ्य छानबिन गर्न जिल्ला प्रहरी कार्यालय रौतहटलाई निर्देशन दिइसकिएको एसएसपी ढकालले जनाएको छ ।

यसअघि जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी लक्ष्मण शाहीले हवल्दार महतोमाथि कारबाही प्रक्रिया अघि बढाइएको बताएका थिए । घटनाबारे बुझ्न हवल्दार यादवलाई समेत बोलाइएको उनले जानकारी दिएका थिए ।

डीएसपी शाहीका अनुसार महतोले गल्ती गरेको भए विभागीय कारबाही अघि बढाउनुपर्ने भए पनि हवल्दार यादवले अडियो सामाजिक सञ्जालमा सार्वजनिक गरेको विषय पनि उठेको छ ।

निर्माण सम्पन्नको दुई वर्षपछि पेट्रोलियम पाइपलाइनको उद्घाटन

टुडे समाचारदाता

जनकपुरधाम । दोश्रो चरणको निर्माण सम्पन्न भएको दुई वर्षपछि मोतीहारी-अम्लेखगञ्ज पेट्रोलियम पाइपलाइन आयोजनाले उद्घाटनको अवसर पाउने भएको छ ।

प्रधानमन्त्री बालेन शाहको आइतबारदेखि हुने भारत भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र प्रधानमन्त्री शाहले संयुक्त रूपमा पेट्रोलियम पाइपलाइन आयोजनाको उद्घाटन गर्ने कार्यक्रम तय भएको हो ।

दुवै देशका प्रधानमन्त्रीले संयुक्त रूपमा सोमबार बिहान १० बजेपछि पाइपलाइन उद्घाटन गर्ने आयल निगम प्रादेशिक डिपो अम्लेखगञ्जका प्रमुख अशोक साहले बताएका छन् ।

सोही क्रममा अम्लेखगञ्ज डिपोमा राखिएको शिलालेख पनि उद्घाटन हुनेछ । 'अम्लेखगञ्ज-मोतीहारी पेट्रोलियम आयोजनाको दोस्रो चरणको कार्य सम्पन्न भई सोमबार उद्घाटन गर्ने कार्यक्रम तय भएको छ,' डिपो प्रमुख साहले भने, 'यो ह्यान्डओभर मात्रै हो ।'

प्रधानमन्त्री शाहको भारत भ्रमणका क्रममा भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्म निर्माण हुने नयाँ पेट्रोलियम पाइपलाइन परियोजनाको पनि संयुक्त शिलान्यास हुने जनाइएको छ । सो आयोजना भारत सरकारको आर्थिक सहयोगमा निर्माण हुँदैछ ।

पेट्रोलियम पाइपलाइनको पहिलो चरणको उद्घाटन भने २०७६ भदौ २४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त



रूपमा गरेका थिए । सिंहदरबार र नयाँ दिल्लीबाट भिडियो कन्फरेन्समार्फत स्विच थिचेर पहिलो चरणको उद्घाटन गरिएको थियो ।

पेट्रोलियम पाइपलाइनको दोस्रो चरणको काम सम्पन्न भएर २०८१ फागुनदेखि पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात सुरु भएको हो । पहिलो चरणमा डिजेल मात्रै आयात भए पनि पछिल्लो २१ महिनादेखि तीनवटै पेट्रोलियम पदार्थ आयात भइरहेको छ ।

मोतीहारी-अम्लेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाको दुई चरणको पूर्वाधार निर्माणमा भारतीय आयल निगमले अनुदानस्वरूप करिब पाँच अर्ब रुपैयाँ बराबरको आर्थिक सहयोग गरेको छ ।

दोस्रो चरणको भण्डारण क्षमता अभिवृद्धि र पूर्वाधार निर्माणमा ६० करोड रुपैयाँ भारतीय आयल कर्पोरेसन र एक अर्ब ५४ करोड रुपैयाँ नेपाल आयल निगमले लगानी गरेका थिए । २०८० जेठ १८ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणका क्रममा पेट्रोलियम पाइपलाइन विस्तारको सम्झौता भएको थियो ।

प्रधानमन्त्रीस्तरीय भ्रमणका क्रममा अम्लेखगञ्जको पाइपलाइनलाई चितवनको लोथरसम्म विस्तार गर्ने र सिलिगुडीदेखि चारआलीसम्म पाइपलाइन निर्माण गर्ने सम्झौता भएको थियो । सोही सम्झौता अनुसार दुई देशका प्रधानमन्त्रीले मोतीहारी-अम्लेखगञ्ज परियोजनाको दोस्रो चरणको उद्घाटन र सिलिगुडीदेखि झापाको चारआलीसम्म पाइपलाइनको शिलान्यास गर्ने कार्यक्रम तय भएको हो ।

दोस्रो चरणअन्तर्गत निगमको अम्लेखगञ्ज डिपोमा डिजेल र पेट्रोल भण्डारण गर्ने चारवटा ट्याङ्की, दुईवटा साना ट्रान्समिक्स ट्याङ्की (एउटै पाइपबाट पेट्रोल र डिजेल आउँदा मिसिएको पदार्थ राख्न बनाइएका ट्याङ्की), पीएमसीसी भवन (विद्युतीय प्रवाह गर्ने कक्ष), ट्याङ्कर जाँच गर्ने गार्ड हाउस, कन्ट्रोल रुम, तेल भर्ने स्वचालित लोडिङ 'बे हाउस' लगायतका पूर्वाधार निर्माण भएका छन् ।

विगतमा मोतीहारीदेखि पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात हुँदा निगमको इन्धन खर्च र ढुवानी भाडाबापत मात्रै प्रतिमहिना १५ करोड र वार्षिक एक अर्ब ८० करोड रुपैयाँ खर्च हुँदै आएको थियो । हाल सो रकम बचत भएको छ ।

यस्तै, बरौनीदेखि अम्लेखगञ्जसम्म पेट्रोल ढुवानी गर्दा प्रतिलिटर पेट्रोलमा तीन रुपैयाँ खर्च हुने गरेकोमा हाल प्रतिलिटर ५० पैसा मात्रै खर्च हुने निगमले जनाएको छ । २५० किलोमिटर टाढा रहेको भारतको बरौनी पुगेर पेट्रोल ल्याउँदा प्रतिट्याङ्कर २० हजार लिटर पेट्रोलका लागि ४०० लिटर डिजेल खर्च हुने गरेको थियो ।

साथै नेपाली गाडीहरूले भारतीय दूतावास र बिहार सरकारको अनुमति लिनुपर्ने, विभिन्न शुल्क तिर्नुपर्ने तथा सवारी चालक र सहयोगीको खानपान र बसोबासको खर्च व्यहोर्नुपर्ने बाध्यता थियो । पाइपलाइनबाट तेल आयात भएपछि तेलको अवैध चोरी र तेल चुहावट हुने समस्या समाधान भएको छ ।

अम्लेखगञ्ज डिपोले हाल देशभर पेट्रोलियम पदार्थको कुल खपतको ७५ प्रतिशत माग धान्दै आएको छ । उक्त डिपोमार्फत थानकोट, पोखरा, भैरहवा, विराटनगर, जनकपुर, वीरगञ्जलगायत देशभरका २० जिल्लाका सरकारी तथा निजी पम्पमा पेट्रोलियम पदार्थ बिक्री वितरण हुने गरेको छ ।

प्रादेशिक डिपो प्रमुख साहले सरकारी पम्पहरूका लागि दैनिक पेट्रोलका १२५ देखि १५० ट्यांकर र डिजेलका २०० देखि २५० ट्याङ्कर लोड हुने गरेको बताए । निजी पम्पहरूका लागि भने दैनिक १५० ट्यांकर पेट्रोलियम पदार्थ लोड हुने गरेको छ ।

डेरी उद्योग तथा पसलहरुमा अनुगमन

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाभित्रसञ्चालित डेरी उद्योग तथा पसलहरूमा अनुगमन गरिएको छ ।

व्यवसाय दर्ता र खाद्य अनुमतिपत्र लगायतका कानुनी प्रक्रिया पूरा नगरी दूध तथा दुग्धजन्य पदार्थ बिक्री वितरण भइरहेको गुनासो बढन थालेपछि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले अनुगमन गरेको हो ।

कार्यालयले गरेको अनुगमनका क्रममा विभिन्न आठवटा डेरी उद्योग तथा पसलहरु व्यवसाय दर्ता र खाद्य अनुमतिपत्र लगायतका कानुनी प्रक्रिया पूरा नगरेको पाइएको थियो ।

श्रीकृष्ण दूध डेरी उद्योग, कृष्ण फर्म डेरी, कृष्ण दूध डेरी उद्योग, किसान दूध डेरी, अनमोल किराना जनरल स्टोर, सृष्टि दूध डेरी, शिवांश दूध डेरी र नेशनल कृष्णा डेरी उद्योगमा अनुगमन



गरिएको हो ।

अनुगमन गरिएका अधिकांश फर्ममा व्यवसाय दर्ता नभएको, खाद्य अनुमतिपत्र नलिएको तथा दूध, दही र पनिर खुला रूपमा बिक्री वितरण भइरहेको पाइएको छ । केही डेरीमा दही तथा पनिरमा अनिवार्य लेबल विवरणसमेत नरहेको भेटिएको छ ।

कार्यालयका खाद्य निरीक्षण अधिकृत प्रविणकुमार तिवारीले तयार पारेको प्रतिवेदनअनुसार सम्बन्धित व्यवसायीहरूलाई अनिवार्य रूपमा व्यवसाय दर्ता गर्न, खाद्य अनुमतिपत्र लिन तथा दुग्धजन्य पदार्थमा पूर्ण लेबल विवरण राखेर मात्र बिक्री वितरण गर्न निर्देशन दिइएको छ ।

यस्तै, खाद्य पदार्थको गुणस्तर परीक्षणका लागि विभिन्न डेरीबाट दही, पनिर र दूधको नमुनासमेत संकलन गरिएको छ । संकलित नमुना प्रयोगशालामा परीक्षणका लागि पठाइने प्रतिवेदनमा उल्लेख छ ।

खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्नुपर्ने कानुनी व्यवस्था हुँदाहुँदै पनि व्यवसाय दर्ता, अनुमतिपत्र र लेबलिङजस्ता आधारभूत मापदण्ड पूरा नगरी दुग्धजन्य पदार्थ बिक्री भइरहेको अनुगमनले देखाएको छ । कार्यालयले सम्बन्धित व्यवसायीलाई आवश्यक प्रक्रिया पूरा गरेर मात्रै खाद्य पदार्थ बिक्री वितरण गर्न निर्देशन दिएको जनाइएको छ ।

एक युवक पक्राउ



टुडे समाचारदाता

लहान । सिरहा प्रहरीले जिल्लाको मिर्चैया नगरपालिका-३ डन्डा टोलबाट ब्राउन सुगरजस्तो देखिने प्रतिबन्धित लागुऔषधसहित एक युवकलाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाले जनाए अनुसार लागुऔषध कारोबार भइरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय मिर्चैया र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजारबाट खटिएको संयुक्त प्रहरी टोलीले निगरानी तथा चेकजाँच गरेको थियो ।

सोही क्रममा मिर्चैया नगरपालिका-३ निवासी २४ वर्षीय जितेन्द्र मण्डल आफ्नै कोठामा लागुऔषध सेवन गरिरहेको अवस्थामा फेला परेका थिए ।

प्रहरीले उनको कोठा कानुनबमोजिम खानतलासी गर्दा कालो प्लास्टिकसहित ०.९१ ग्राम र प्लास्टिकबाहेक ०.५९ ग्राम तौल भएको ब्राउन सुगरजस्तो देखिने पदार्थको एक पुडिया बरामद गरेको जनाएको छ ।

त्यसैगरी प्रहरीले उनको साथबाट नगद पाँच हजार रुपैयाँ र एक थान स्क्रिन टच मोबाइलसमेत बरामद गरेको छ । बरामद सामग्रीसहित मण्डललाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय मिर्चैयामा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको जिप्रका सिरहाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत उक्त जानकारी दिएका हुन् ।

ब्राउन सुगरसहित एक युवक पक्राउ

बेपत्ता रहेका नेपाली विद्यार्थी चन्दन यादव भारतबाट सकुशल उद्धार

टुडे समाचारदाता

जनकपुरधाम । भारतको बनारसबाट अपहरणमा परेका भनिएका धनुषा जिल्लाका एक नेपाली विद्यार्थीलाई भारतीय सुरक्षा निकायले सकुशल उद्धार गरेको र नेपाल ल्याउने प्रक्रिया अगाडि बढाइएको जानकारी दिइएको छ ।

धनुषा क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य राम बिनोद यादवद्वारा जारी प्रेस विज्ञप्ति अनुसार धनुषा जिल्लाको शहीदनगर नगरपालिका-२ मा पर्ने मतौनाका चन्दन यादव (रामकृष्ण यादव) काठमाण्डुस्थित सेन्ट जेभियर्स कलेजमा कक्षा १२ मा अध्ययनरत थिए । उनी पर्व मनाउन घर आएका बेला पुनः काठमाडौं फर्किने क्रममा हराएका थिए ।

सो विज्ञप्तिमा उल्लेख भए अनुसार असोज २ गते बिहान करिब ६:१५ बजे काठमाण्डु पुग्नुपर्ने चन्दन त्यसपछि परिवारसँग सम्पर्कविहीन बनेका थिए । बालकुमारी पुल क्षेत्रबाट कोटेश्वरतर्फ जाने क्रममा उनी सम्पर्कबाट बाहिरिएको जनाइएको छ । सम्पर्कविहीन हुनुअघि उनले आफ्ना नजिकका व्यक्तिसँग फोनमा कुराकानीसमेत गरेका थिए ।

परिवारजनले खोजी कार्य तीव्र बनाएका बेला पछि



चन्दन अपहरणमा परेको तथ्य सार्वजनिक भएको थियो । घटनालगत्तै नेपाल तथा भारतका सम्बन्धित निकायसँग समन्वय गरी खोजी तथा उद्धार प्रयास अघि बढाइएको थियो ।

सांसद यादवले भारतीय सुरक्षा निकायको समन्वय र निरन्तर प्रयासका कारण चन्दनलाई सकुशल उद्धार गर्न सफलता मिलेको जानकारी दिएका छन् । हाल आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी उनलाई नेपाल फर्काउने तयारी भइरहेको विज्ञप्तिमा उल्लेख छ ।

घटनामा चन्दन यादवको खोजी, उद्धार तथा सुरक्षाका लागि भूमिका निर्वाह गर्ने भारत सरकार, नेपाल सरकार, सुरक्षा निकाय, प्रशासनिक अधिकारी तथा सहयोगी सबैप्रति सांसद यादवले धन्यवाद व्यक्त गरेका छन् । साथै, चन्दनको सकुशल उद्धारका लागि निरन्तर सहयोग, सद्भाव र प्रार्थना गर्ने सर्वसाधारण नागरिक, शुभेच्छुक तथा सञ्चारकर्मीप्रति पनि आभार प्रकट गरिएको छ ।

सो घटनाले नेपाल र भारतबीचको आपसी सहयोग, समन्वय तथा सुरक्षा संयन्त्रबीचको सहकार्यको महत्वलाई पुनः प्रमाणित गरेको सांसद यादवले बताएका छन् । चन्दनलाई सुरक्षित रूपमा नेपाल ल्याइ परिवारसँग पुनर्मिलन गराउने प्रक्रिया अघि बढाइएको छ ।

पर्सामा ७० लाख बढीको सामान बरामद

टुडे समाचारदाता

वीरगञ्ज । पर्सा प्रहरीले कात्तिक महिनामा रु ७० लाख ७० हजार बराबरका भन्सार छलीका सामान



बरामद गरेको छ । भन्सार छली तथा राजस्व चुहावट नियन्त्रणका क्रममा उक्त सामान बरामद गरिएको जनाइएको छ ।

यसैगरी, प्राकृतिक स्रोतको अवैध दोहन नियन्त्रणका क्रममा बालुवा, ढुङ्गा तथा गिट्टी ओसार पसारमा प्रयोग भएका १० वटा ट्र्याक्टर नियन्त्रणमा लिएर रु ५० हजार जरिवाना गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए ।

अवैध मदिरा नियन्त्रण अभियानअन्तर्गत छ हजार २६३ लिटर तयारी मदिरा र छ हजार ३८० लिटर कच्चा पदार्थ बरामद गर्नुका साथै सोही क्रममा ११ जना पक्राउ परेका छन् । अवैध वन पैदावार नियन्त्रणतर्फ १० वटा सवारीसाधन नियन्त्रणमा लिई ३९ क्युबिक काठ बरामद गरिएको छ ।

त्यसबाट रु एक लाख ९५ हजार राजस्व तथा जरिवाना प्राप्त भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ । कात्तिक महिनामा पर्सा जिल्लामा ३७ सवारीसाधन दुर्घटना भएका थिए । सो क्रममा दुर्घटनामा परी दुई जनाको मृत्यु भएको थियो भने २८ जना घाइते भएका थिए ।

यस्तै ट्राफिक नियम उल्लङ्घन गर्ने ९४१ सवारीसाधनका चालकलाई कारबाही गरी रु १० लाख ८७ हजार राजस्व सङ्कलन गरिएको प्रहरी नायब उपरीक्षक मल्लले जानकारी दिएका छन् ।

ईटा प्रहारले घाइते वृद्ध दम्पतिको मृत्यु, एक पक्राउ

टुडे समाचारदाता

मलंगवा । घरमै सुतिरहेका सर्लाहीका एक वृद्ध दम्पतीलाई इँटाको टुक्राले प्रहार गरी गम्भीर घाइते बनाएको घटनामा उपचारका क्रममा श्रीमानको मृत्यु भएको छ ।

जिल्लाको हरिपूर्वा नगरपालिका-९ बसन्तपुरस्थित मुखिया चोकमा आफ्नै घरमा किराना पसल सञ्चालन गर्दै आएका ७४ वर्षीय सुकदेव साह तेली र उनकी ७३ वर्षीया श्रीमती जिवछी देवीमाथि गत कात्तिक २७ गते राति आक्रमण गरिएको थियो ।

घरमा सुतिरहेका दम्पतीलाई राति करिब १० बजे घरभित्र प्रवेश गरेका स्थानीय १९ वर्षीय शंकर कुमार यादवले इँटाको टुक्राले टाउको तथा अनुहारमा अन्धाधुन्ध प्रहार गरी गम्भीर घाइते बनाएको प्रहरीले जनाएको छ ।

भोलिपल्ट बिहान अबेरसम्म दम्पती नउठेपछि जेठा छोराले घरको ढोका खोलेर हेर्दा दुवै जना गम्भीर घाइते अवस्थामा फेला परेका थिए । त्यसपछि प्रहरीलाई खबर गरिएको थियो । प्रहरीले घाइते दुवैलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाएको थियो ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले यादवलाई कार्तिक २८ गते आफ्नै घरमा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरेको थियो । सुरुमा ज्यान मार्ने उद्योग कसुरमा अनुसन्धान भइरहेकोमा उपचारकै क्रममा मंसिर ३ गते सुकदेव साह तेलीको मृत्यु भएको थियो ।

घाइते वृद्ध दम्पतिको मृत्युपछि ज्यानसम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

एचआईभी एड्सबाट बचौं र बचाऔं

- एचआईभी एड्स असुरक्षित यौन सम्पर्क, संक्रमित सुई लगायतका कारणले सर्न सक्छ, त्यसैले:
  - असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
  - लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८